गाउँकार्यपालिका बाट पारित मिति -२०७६/०५/२५
प्रमाणिकरण मिति -२०७६/०५/२६

# व्यवसाय दर्ता कार्यविधि,२०७६

**प्रस्तावना :**

बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारेजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवद्र्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिकोनाम **"व्यवसाय दर्ता कार्यविधि,** २०७६" रहेको छ ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।
(ख) **"कार्यविधि"** भन्नाले व्यवसाय दर्ता कार्यविधि,२०७६ सम्झनुपर्छ ।
(ग) **"गाउँपालिका"** भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्छ ।
(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ङ) **"कार्यालय"** भन्नाले बारपाक सुलिकोट गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।
(च) **"वडा कार्यालय"** भन्नाले गाउँपालिका अन्तर्गतको वडा कार्यालय सम्झनुपर्छ ।

**३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्नेः**

गाउँपालिका क्षेत्रभित्र **अनुसूची–१** बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :**

(१ ) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले **अनुसूची–२** मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा दिनु पर्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छः–

क) व्यवसायको नामर ठेगाना,
ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,
ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,
घ) लगानी,
ङ) व्यवसायीको नाम र ठेगाना,
च) ब्यवसायीको नागरिकताको प्रतिलिपि,
छ) व्यवसाय रहने घरधनी / जग्गाधनीको नाम

ज) जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि
झ) मालपोत कर तिरेको रसिदको प्रतिलिपि
ञ) वडा कार्यालयको सिफारिस

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण **अनुसूची–३** बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई **अनुसूची–४** बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलब्ध गराउँनुपर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नुपर्ने भएमा बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

**५. व्यवसायको नविकरण गर्नुपर्नेः**

**दफा** ४ बमोजिम वडामा दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नविकरण गरी सक्नु पर्नेछ । नविकरण शुल्क बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । एक आर्थिक वर्षभन्दा बढी नविकरण नभएमा प्रत्येक वर्षको शुल्कमा **१० प्रतिशत** जरीवाना लिएर पुन: नवीकरण गर्न सकिनेछ ।

**६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः**

(१) दफा नं ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध (१५) दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनपरेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

**७. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ताकायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमानिवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐन अनुसारको दस्तुर लिईमाग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क लिइ सो व्यहोरा दर्ता प्रमाण पत्रमा र व्यवसाय दर्ता किताबमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(४) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

**८. कार्यालयले विवरणमाग गर्न,निर्देशन दिनर अनुगमन गर्नसक्ने :**

(१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिनसक्नेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ। यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

**९. व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने :**

(१) कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

**१०. व्यवसाय दर्ता खारेज गर्नसकिनेः**

(१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरे सम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) यस कार्यविधिबमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवाशुल्क बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएअनुसार असूल गरी लगत कट्टा गरिदिनेछ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा वडा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने मौका पर्याप्त दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ।

**११. जरिवाना तथा थप दस्तुर लाग्ने :**

(१) यस कार्यविधिमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए भन्दा **१० प्रतिशत** थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ।

**१२. कर छुट तथा मिन्हा दिन सकिनेः**

(१) गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा **पचास (५०) प्रतिशत** र महिलालाई पच्चीस (२५) प्रतिशत छुट दिन सकिनेछ।

**१३. प्रतिलिपि दिने सक्नेः**

व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्नेमहल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी **रु. पाँच सय (५००)** प्रतिलिपि दस्तुरलिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिनसक्ने :**

प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि वडा कार्यालयमा निवेदनपर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा **रु. पाँच सय** दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ।

**१५. व्यवसाय दर्तातथा नविकरण नगरी संचालन गरेमा कारबाही हुनेः**

( १) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै व्यवसाय पनि वडा क्षेत्रभित्र संचालन गरेकको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५(पन्ध्र) दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ।

**१६. वाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ।

**१७. खारेजी तथा बचाउः**

(१) यो कार्यविधि बन्नु भन्दा अगाडि गाउँपालिकावाट भए गरेका कामहरु यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

बारपाक सुलिकोट गाउँपालिका

गाउँकार्यपालिका बाट पारित मिति -२०७६/०५/२५
प्रमाणिकरण मिति -२०७६/०५/२६

बारपाक सुलिकोट गाउँपालिका

अनुसूची–१
(दफा ४ को उपदफा(१) सँग सम्बन्धित
बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

**व्यवसायको विवरण**

| क्र.सं. | व्यवसायीको नाम | श्रेणी | दर/रेट |
|---|---|---|---|
| १ | मदिरा तथा चुरोट डिलर समेत थोक विक्रेता | | १५००।- |
| २ | अन्य डिलर समेत थोक विक्रेता | | १०००।- |
| ३ | निर्माण सामाग्री विक्रेता | क.एक भन्दा बढी डिलरसिप भएको | १५००।- |
| ४ | कम्प्यूटर टिभी रेडियो घडी | | १०००।- |
| ५ | मोबाइल मर्मत | | १०००।- |
| ६ | पेट्रोलियम पदार्थ | क. डिजेल पेट्रोल पम्प | ३०००।- |
| ७ | | ख. मट्टीतेल डिलर | १००।- |
| ८ | | ग. ग्यास डिलर | ५००।- |
| ९ | दैनिक उपभोग्य खाद्य पदार्थ | क. थोक विक्रेता:<br>ख. खुद्रा | १०००।-<br>५००।- |
| १० | फेन्सी तथा कपडा पसल | क. थोक विक्रेता:<br>ख. खुद्रा | १०००।-<br>५००।- |
| ११ | सवारी साधन विक्रेता | क.मोटर साइकल जिप कार ट्याक्टर तथा सोरुम<br>ख. मोटरसाइकल स्कुटर स्पयेयर पार्ट सम्बन्धि सामान बेच्ने | ५०००।- |

| | | | |
|---|---|---|---|
| | | | २५००।- |
| १२ | नसिङ होम सामुदायिक अस्पताल | | १५००।- |
| १३ | औषधी थोक विक्रेता र क्लिनिक | | ५००।- |
| १४ | औषधी पसल र क्लिनिक | | ५००।- |
| १५ | आँखा क्लिनिक र चस्मा पसल | | ५००।- |
| १६ | क्लिनिक र ल्याब | | ५००।- |
| १७ | औषधी पसल | | ५००।- |
| १८ | डेन्टल क्लिनिक | | ५००।- |
| १९ | निर्माण व्यवसायी | क. श्रेणकीको निर्माण व्यवसाय | ३०००।- |
| | | ख. श्रेणीको निर्माण व्यवसाय | २५००।- |
| | | ग. श्रेणीको निर्माण व्यवसाय | १५००।- |
| | | घ. श्रेणीको निर्माण व्यवसाय | १०००।- |
| २० | होटल | क.होटल लज रेष्टुरेण्ट समेत | १०००।- |
| | | ख. सामान्य खाजा पसल | २००।- |
| २१ | रेष्टुरेण्ट | क.रेष्टुरेन्ट बार | ५००।- |
| | | ख. सामान्य रेष्टुरेण्ट | २५०।- |
| २२ | उद्योग | क. रेलिङ तथा क्लक उद्योग | ५००।- |
| | | ख. आल्मुनियम तथा तामाका भाडा उद्योग | ५००।- |
| | | ग. बेकरी उद्योग | ५००।- |
| | | घ. चामल तथा तेल उत्पादन गर्ने साना उद्योग | ५००।- |
| २३ | फर्निचर उद्योग तथा काठ विक्री वितरण | | १५००।- |
| | फर्निचर उद्योग | | १०००।- |
| | छपाइ तथा प्रकाशन | क. अफसेट प्रेस | १०००।- |
| | कम्प्यूटर | | ५००।- |
| | ड्राइभिङ इन्स्टिच्यूट | | २०००।- |
| | फ्याक्स इन्टरनेट साइबर कुरियर्स सेवा मात्र | | ५००।- |
| २४ | वित्तिय कम्पनीहरु | क. वर्गको | ३०००।- |
| | | ख. वर्गको | २०००।- |
| | | ग. वर्गको | १०००।- |
| | | घ. वर्गको | ५००।- |
| २५ | विमा कम्पनी शाखा कार्यालय | | २०००।- |
| २६ | निजि विद्यालयहरु | क.पूर्व प्रा.वि. र नि.मा.वि. सम्म | ५००।- |
| | | ख. मा.वि. | ८००।- |
| | | ग. उच्च मा.वि. | १०००।- |
| २७ | प्राविधिक शिक्षालय/भाषा प्रशिक्षण केन्द्र आदि | | १०००।- |
| २८ | होस्टेल | | १०००।- |
| २९ | वर्कसप | क. वस ट्रक आदि मोटर पार्टस विक्री समेत | २०००।- |
| | | ख.मर्मत | ५००।- |
| | | ग. मोटर साइकल वर्कसव | ५००।- |
| | | घ. टायर मर्मत तथा हावा भर्ने | ५००।- |
| | | ङ. टायर पसल तथा ब्याट्री पसल | ५००।- |
| ३० | बैदेशिक रोजगार सेवा | | ५०००।- |
| ३१ | ब्युटी पार्लर | | ५००।- |
| ३२ | फोटो स्टुडियो | क. कलर ल्याब तथा फोटो स्टुडियो | ५००।- |
| | | ख.फोटो स्टुडियो | ५००।- |
| ३३ | टेलरिङ | क. कपडा सहित टेलरिङ | ५००।- |
| | | ख. टेलरिङ | २००।- |
| ३४ | हेयर कटिङ | क. तीन सिट भन्दा माथि | ३००।- |
| | जुत्ता चप्पल पसल | क. होलसेल तथा खुद्रा | ३००।- |
| | | ख. जुत्ता चप्पल कस्मेटिक | २००।- |
| | | ग. सामान्य कस्मेटिक | २००।- |
| ३६ | उत्पादनमुलक उद्योग | क. चिम्नी उद्योग | ३०००।- |
| | | ख. ईटाभट्टा | १५००।- |

| | | | |
|---|---|---|---|
| ३७ | भाँडा पसल | क. थोक तथा खुद्रा | ५००।- |
| | | ख. विक्रेता | २५०।- |
| ३८ | आर्टस व्यवसाय | क. डिजिटल | ५००।- |
| | | ख. हातबाट | २००।- |
| ३९ | इलेक्ट्रिक पसल | | ३००।- |
| ४० | धागो टाँक पसल | | २००।- |
| ४१ | सिसा प्लाइ कार्पेट फ्लेम आदि विक्रेता | क. | १०००।- |
| | | ख. | ५००।- |
| ४२ | फर्निचर सोरुम | | १०००।- |
| ४३ | खेलौना उपहार गिफ्ट विक्रेता | | ३००।- |
| ४४ | केवल नेटवर्क | | ५००।- |
| ४५ | मासु पसल | क. कुखुरा | ३००।- |
| | | ख. खसी बोका | ५००।- |
| | | ग. खसी बोका, भेडा र कुखुरा | ७००।- |
| | | घ. राँगा वँगुर | ५००।- |
| | | ङ. माछा पसल | ५००।- |
| ४६ | ग्रिल उद्योग | | ५००।- |
| ४७ | स्टेशनरी | | २५०।- |
| ४८ | दाना अण्डा तथा ह्याचरी पसल | | २५०।- |
| ४९ | ज्याकेट तथा झोला | | २५०।- |
| ५० | मसला उद्योग | | २५०।- |
| ५१ | तरकारी तथा फलफूल पसल | | २००।- |
| ५२ | मिठाई पसल | | २००।- |
| ५३ | रासायनिक मल तथा एग्रोभेट | क. डिलर तथा थोक | ५००।- |
| | | ख. खुद्रा | ३००।- |
| ५४ | कुटानी पिसानी | सेलर होल्डर | ४००।- |
| ५५ | आईसक्रिम तथा दुग्ध सम्बन्धि परिकार | | २००।- |
| ५६ | सुनचाँदी ज्वयलर्यस पसल | | ५००।- |
| ५७ | कृषि फर्महरु | १. पोल्ट्री फर्म | ३००।- |
| | | क. ५०० सम्म कुखुरा | ५००।- |
| | | ख. ५०१ देखि १००० सम्म कुखुरा | ७००।- |
| | | ग. १००१ देखि ५००० सम्म कुखुरा | १०००।- |
| | | घ. ५००१ देखि माथि | १५००।- |
| | | २. फलफूल तथा तरकारी खेती | २००।- |
| | | ३. गाई वंगुर बाखा पालन व्यवसाय | २००।- |
| | | ४. माछा पालन व्यवसाय | २००।- |
| ५८ | संचार सेवा | नेपाल टेलिकम एनसेल युटिएल र अन्य | ५०००।- |

**अनुसुची-२**
**दफा ४ को उपदफा १ सँग सम्बन्धित**

# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बारपाक सुलिकोट गाउँपालिका

गाउँकार्यपालिका बाट पारित मिति -२०७६/०५/२५
प्रमाणिकरण मिति -२०७६/०५/२६

## ताकुकोट, गोरखा

# दरखास्त फारम

**फारम नं.**

**मिति :..................................**

**१. व्यवसायको नाम**

:.......................................................................................................................................

.......

**ठेगाना**

:............................................................................................................................................

................

**२. व्यवसायीको बाजेको नाम, थर**

:..................................................................................................................

**व्यवसायीके बाबुको नाम, थर**

:...................................................................................................................

**३. व्यवसायीको नाम, थर**

:.......................................................................................................................................

.

**ठेगाना**

:............................................................................................................................................

.................

**४. ना.प्र.प.नं.**

:.......................................................................................................................................

.................

**५. व्यवसाय/पसलको किसिम**

:.............................................................................................................................

बारपाक सुलीकोट गाउँपालिका

**६. फोन नं.**

**:...................................................................................................................................**

**...................**

**यदि व्यवासय गर्ने /गरेको ठाउँ भाडामा लिएको भए कृपया तल पनि भर्नुहोस् ।**

**७. घर पसल मालिकको नाम र थर**

**:.....................................................................................................................**

**८. ठेगाना**

**:...................................................................................................................................**

**......................**

**९. तिनुपर्ने भाडा रकम रू. :......................................................................... (मासिक, त्रैमासिक, अर्धवार्षिक)**

**१०. साइन वोर्डको साईज**

**:......................................................................................................................... वर्ग फुटमा**

**उक्त विवरण अनुसारको विषयमा कार्य गरी ऐन नियमाअनुसार दर्ता गराई इजाजत दर्ता पाउन निवेदन गरेको छु। भनी व्यहोरा झुटा ठह्रेमा एन नियम बमोजिम सहुँला बुझाउँला ।**

**निवेदक**

**सही :.........................................**

**नाम :.........................................**

**अनुसुची-३**
**दफा ४ को उपदफा ३ सँग सम्बन्धित**
**बारपाक सुलिकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ताकुकोट, गोरखा**

बारपाक सुलीकोट गाउँपालिका

# व्यवसाय दर्ता किताब

| क्र स | व्यवसायीको नामथर | ठेगाना | व्यवसायको प्रकृति/ प्रकार | पुजी | एकल/साझेदारी | फोटो | व्यवसायीको हस्ताक्षर | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बारपाक सुलीकोट गाउँपालिका

**अनुसुची-४**
**दफा ४ को उपदफा ३ सँग सम्बन्धित**

## बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गाउँकार्यपालिका बाट पारित मिति -२०७६/०५/२५
प्रमाणिकरण मिति -२०७६/०५/२६

# ताकुकोट, गोरखा

## व्यवसाय दर्ता

फोटो

**प्रमाण–पत्र नं :**

**मिति :.....................................**

**स्थानीय सरकार साचालक एन, २०७४ को दफा ११ बमोजिम प्रमाण–पत्र यो दिइएके छ ।**

**१. व्यवसायको नाम**

:..........................................................................................................................................

........

**२. व्यवसाय सुरू गरेको मिति**

:....................................................................................................................................

**३. व्यवसायको किसिम**

:..........................................................................................................................................

....

**४. व्यापार र व्यवसाय गर्नेको नाम**

:...............................................................................................................................

**५. नागरिकता नं.**

:..........................................................................................................................................

............

**६. स्थायी ठेगाना**

:..........................................................................................................................................

...........

**७. व्यवसाय गरेको स्थान**

:..........................................................................................................................................

.

सुलीकोट गाउँपालिका

**८. व्यवसायमा लगानी पुँजी रकम**

:........................................................................................................

**९. बावुको/ आमाको नाम**

:.................................................................................................................

**१०. व्यवसायको श्रेणी**

:.................................................................................................................
.......

.................................
.....................................................

**फाँटवालाको हस्ताक्षर** **प्रमाण–पत्र दिने अधिकारीको हस्ताक्षार**

**नोट:**

**क) गाउँपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय गर्ने व्यक्तिले गाउँपालिकाको नियमानुसार कर बुझाई दर्ता प्रमाण–पत्र लिनु पर्नेछ।**
**ख) अवधि असार मसान्तसम्म मात्र रहनेछ र प्रत्येक आ.व. मा नवीकरण गर्नु पर्नेछ।**
**ग) प्रमाण–पत्र कारोवार स्थल वा मुख्य कार्याल अगाडी सबैले देख्ने गरी राख्नु पर्नेछ।**
**घ) व्यवसाय गरी आएको स्थान बदल्नु परेमा वा बन्द गरेमा गाउँपालिकामा जानाकारी गराउनु पर्नेछ।**
**ङ) आ.व. को पौष मसान्त भित्र कर तिरेमा १०% छुट पाइनेछ।**
**च) आ.व. असार मसान्त भित्र कर नतिरेमा २०% जरिवाना लाग्नेछ।**

व्यवसाय दर्ता कार्यविधि, २०७६ प्रमाणीकरण गरिएको छ।

नाम थर: विष्णु प्रसाद भट्ट
पद: अध्यक्ष
मिति: २०७६।०५।२६
कार्यालय: बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

सुलिकोट गाउँपालिका

गाउँकार्यपालिका बाट पारित मिति -२०७६/०५/२५
प्रमाणिकरण मिति -२०७६/०५/२६

बारपाक सुलीकोट गाउँपालिका